कर्मचारी सञ्चय कोष
Employees Provident Fund
(कर्मचारी सञ्चय कोष ऐन बमोजिम स्थापित)
(शाखा कार्यालय कोहलपुर)

टेलिफोन नं. : +९७७ ०८१-५४१२८२
०८१-५४१२८४
इमेल : kohalpur@epf.org.np
वेवसाइट : www.pf.org.np

प.सं.: २०८३/०८४
च.नं.: ९९६

मितिः २०८३/०६/०६

श्री बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रामपुर,बाँके,लुम्बिनी प्रदेश,नेपाल ।

श्री ... कार्यालयको Website मा अपलोड गर्ने
२०८३/०६/१३

विषय : सहजिकरण गरि दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्मचारी सञ्चयकोषले निरन्तर रुपमा आफ्ना सञ्चयकर्ताहरुको लागि विभिन्न सुविधाहरु प्रदान गर्दै आइरहेको व्यहोरा अवगतनै छ । यसै सम्बन्धमा कोषले सञ्चयकर्तालाई सामाजिक सुरक्षाका सुविधा लगायत धितोमा आधारित सापटी सुविधा अन्तर्गत **जग्गा खरिद सापटी, घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरल सापटी** प्रदान गर्दै आइरहेको छ । यस किसिमका सुविधाहरुको बारेमा कोषले समय-समयमा अन्तरक्रिया, छलफल तथा वेवसाईट र समाजिक सञ्जाल लगायत माध्यमबाट सम्पुर्ण सुविधाहरुको सुचना, जानकारी गराउँदै आएको र सुविधा उपभोग गर्ने अवसरबाट बन्चित हुन नपरोस भन्ने उद्धेश्यले त्यस गाउँपालिका अन्तर्गतका सबै कर्मचारी (सञ्चयकर्ता) हरु लगायत अन्य सरोकारवाला कर्मचारीहरुसम्म धितोमा आधारित सापटी सुविधाको जानकारी पुग्ने गरि सहजिकरण गरिदिनुहुनको लागि अनुरोध गर्दछु ।

साथै, माथि उल्लेखित शिर्षकका सापटी सुविधा प्रवाहको लागि कर्मचारी सञ्चयकोष शाखा कार्यालय, कोहलपुरका धितो स्विकृत भई लागु भएका क्षेत्रहरु यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा समेत अवगत गर्दछु ।

नाम: बैजनाथ गाउँपालिका
दर्ता नं.: २०८४
मिति: २०८३/०६/१३

.....
(केशप कुमार बुढाथोकी)
कार्यालय प्रमुख

संलग्न

कर्मचारी सञ्चयकोष शाखा कार्यालय,कोहलपुरको कार्यक्षेत्र अन्तर्गत धितो लिन सकिने क्षेत्रहरु ।

कर्मचारी सञ्चय कोष

शाखा कार्यालय कोहलपुर

सञ्चयकर्ता घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी, सरल सापटी र जग्गा खरिद सापटी प्रदान गर्नको लागि कर्मचारि सञ्चयकोष शाखा कार्यालय,कोहलपुरको कार्यक्षेत्र अन्तर्गत पर्ने लिन सकिने क्षेत्रहरु ।

जिल्ला	लागू भएको क्षेत्र
बाँके जिल्ला अन्तर्गत पर्ने क्षेत्रहरू	(३३.१) नेपालगञ्ज उप-महानगरपालिका :
	क) उपमहानगरपालिकाको साविक नेपालगञ्ज नगरपालिकाका वडा नं. १ देखि वडा नं. १७ सम्मका क्षेत्र,
	(ख) महेन्द्र बहुमुखि क्याम्पसदेखि उत्तरतर्फ कोहलपुर चोकसम्म सुर्खेत रोडको दायाँबायाँ १.५ किलो मिटर सम्मका क्षेत्र,
	(ग) नेपालगञ्ज-गुलरिया जोडिने हुलाकी सडकको पूर्वमा धम्बोजी चोक र पश्चिमतर्फ खजुरा गाँउपालिकाको ईलाका प्रहरी चौकी धनौलीसम्मको सडक खण्डको दायाँ बायाँ १ किलो मिटर सम्मका क्षेत्र तथा सोही सडकको धनौली देखि पश्चिम खजुरा गाँउपालिका वडा नं.६ सिमलघारीचोक सम्मको सडक खण्डको दायाँ बायाँ ५०० मिटर सम्मको क्षेत्र,
	(घ) नेपालगञ्ज गणेशमान चोक देखि पश्चिम गौघाटजाने बाटोको रिमझिम चोक हुँदै 'बी' गाउँ, खजुरा बजारसम्मको मूल सडकको दाँया बाँया २०० मिटर सम्मका क्षेत्र,
	(ङ) राँझा चोकबाट पूर्वतर्फ सैनिक अस्पताल हुँदै भैयापुर गाउँ जाने चोकसम्म दायाँ बायाँ ५०० मिटर सम्मका क्षेत्र,
	(च) ईन्द्रपुर चोक (नेपालगञ्ज गुलरीया सडक खण्ड) देखि दक्षिणतर्फ ढोड गाउँ चोक गणेशमान चोक देखि गौघाट जाने मूल सडक) हुँदै गणेशमान चोकसम्म नेपालगञ्ज बजार क्षेत्र सम्मका क्षेत्र,
	(छ) ईन्द्रपुर चोक (नेपालगञ्ज गुलरीया सडक खण्ड) देखि उत्तरतर्फ राँझा चोक (नेपालगञ्ज कोहलपुर सडक) निस्किने मूल सडकको नेपालगञ्ज बजार क्षेत्र भित्र पर्ने क्षेत्र,
	(ज) नेपाल विद्युत प्राधिकरण, प्रदेश डिभिजन कार्यालय नेपालगञ्ज (नेपालगञ्ज बसपार्क) देखि नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २२ को वडा कार्यालयसम्म हुलाकी सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,
	(झ) पूर्व-पश्चिम लोकमार्गको मदनचोक देखि दक्षिण सुर्खेत रोडमा पर्ने हवल्दारपुर चोकसम्म सडकको दायाँ- बायाँ १५० मिटर सम्मका क्षेत्र ।
	ञ) पिप्रहवा चोक देखी पश्चिम खजुरा रोड(हुलाकी मार्ग) जोड्ने सडकको दायाँबायाँ १०० मिटर सम्मका क्षेत्रहरु,
	ट) खजुरा १ नं बाट उत्तर तर्फ रभेनासम्म सडकसँग जोडिएको क्षेत्र,
	ठ) हुलाकी सडकखण्ड अन्तर्गत् २२ नम्बर वडा कार्यालय पुरैना चौक कान्ती तालसम्म राजमार्गको दाँयाबाँया २०० मिटरको क्षेत्रहरू र कान्ती ताल देखी डुडुवा गा.पा.को ४ नम्बर वडा कार्यालय भवन सम्मका राजमार्ग सँग जोडिएका क्षेत्रहरू
	ड) पर्ती गाँउ नवरको बाटो हुँदै नेपालगञ्ज बसपार्क सम्मका सम्पुर्ण क्षेत्रहरु

जिल्ला	लागू भएको क्षेत्र
	ढ) नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं.१९ अन्तर्गत भैयापुर गाउँ जाने चोकबाट आलानगर हुदै ने.रा.मा.वि. कन्ठीपुर,कट्लिया बाट हुलाकी राजमार्ग (राप्ती रोड) को शान्ति चोक (राप्ती आयल स्टोर्स) सम्मको सडक खण्डको पश्चिम(दायाँ तर्फ) नेपालगंज बजार क्षेत्रका सम्पुर्ण क्षेत्रहरु र बायाँतर्फ सो सडकसँग जोडिएका क्षेत्रहरु
	(३३.२) खजुरा गाउँपालिका :
	(क) खजुरा गाँउपालिकाको खजुरा बजारमा रहेको पृथ्वीचोक देखी च्यामा पुल जाने बाटोमा पर्ने मनकामना चोक सम्म सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र
	(ख) खजुरा गाँउपालिकाको रिमझिमचोकबाट गौघाट बाबास्थानचोकसम्म मूल सडकको दायाँबायाँ ३०० मिटर सम्मको क्षेत्र ।
	(३३.३) बैजनाथ गाउँपालिका
	(क) गाँउपालिकामा पर्ने सम्झना बजार चोक हुँदै खजुरा बजार निस्कने च्यामा-सैनिक सडक खण्डमा पर्ने एच गाँऊमा रहेको ईश्वरी मा.वि.सम्मको सडकको दायाँबायाँ २०० मिटर सम्मको क्षेत्र
	(ख) सम्झना बजार चोक हुँदै खजुरा बजार निस्कने च्यामा-सैनिक सडक खण्डमा पर्ने एच गाँऊमा रहेको ईश्वरी मा.वि.बाट दक्षिण खजुरा बजार सम्म जाने सडक सँग जोडिएका क्षेत्रहरु
	(ग) स्यालीबजार चोक (जि गाँऊ) देखी दक्षिण गुरुवा गाँऊको नेपाल राष्ट्रिय मा.वि.को कल्भटसम्म सडकको दायाँ-बायाँ २०० मिटर क्षेत्रहरु
	(घ) स्यालीबजार चोक (जि गाँऊ) देखी उत्तरतर्फ बनखेत हुदै बैजनाथ गाँउपालिकाको कार्यालयसम्म सडकसँग जोडिएका क्षेत्रहरु
	(ङ) बनकटुवा चोकदेखी उत्तरतर्फ ईलाका प्रहरी कार्यालय,नौवस्ता हुँदै रत्न राजमार्गको सुतैँया चोकसम्म पुग्ने सडकसँग जोडिएका क्षेत्रहरु
	(च) बैजनाथ गाँउपालिकाको तिलकपुरचोक बाट पश्चिमतर्फ चिल्लेटा हुँदै दाङ्गपुर गाउँ हुदैँ वनकटवा-नौवस्ता सडक खण्डको सिंहभवानी सम्मको बाटोको दक्षिण तर्फ पूर्व-पश्चिम लोकमार्गसम्मका सम्पुर्ण क्षेत्र र सोही सडकको अर्को तर्फ २०० मिटर सम्मका क्षेत्रहरु
	(३३.४) कोहलपुर नगरपालिका :
	क) पूर्व पश्चिम लोकमार्गको पूर्वतर्फ कोहलपुर चोक र पश्चिम तर्फ बैजनाथ गाउँपालिकाकोचाँदनी चोक सम्मको सडक खण्डको दायाँबाँया १ किलो मिटर सम्मका क्षेत्र,
	(ख) पूर्व पश्चिम लोकमार्गको कोहलपुर चौराहाबाट पूर्वतर्फ रोहिणी खोलासम्मको लोकमार्गको दायाँ बाँया ५०० मिटर सम्मका क्षेत्र,
	(ग) पूर्व पश्चिम लोकमार्गको कोहलपुर चौराहाबाट उत्तरतर्फ रत्न लोकमार्ग (सुर्खेत तर्फ जाने बाटो) को चिसापानीसम्मको सडकको दायाँ तर्फ ७०० मिटर र बाँया तर्फ १ किलोमिटर सम्मका क्षेत्र,
	(घ) चप्परगौडी चोकबाट उत्तरतर्फ चप्परगौडी-खड्गबार सडक बाट श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, निवुवा हुदै कोहलपुर-१३ को रानीघाट पार्क जाने सम्मको सडक

जिल्ला	लागू भएको क्षेत्र
	(ङ) पूर्व पश्चिम लोकमार्गको कोहलपुर चौराहा चोकबाट पश्चिमतर्फ पूर्व पश्चिम लोकमार्गको मदन चोकबाट उत्तरपट्टी त्रिवेणी चोक – विकासनगर चोक – समावेशी मा.वि. तिलकपुर – बैजनाथ वडा नं. ४ को वडा कार्यालय हुँदै सूर्खेत जाने रत्न राजमार्ग सडकले कोहलपुर चोकतर्फ भित्र पर्ने सबै क्षेत्रहरू र सो सडकको बाहिर तर्फ सडकबाट ३०० मिटर सम्मका क्षेत्र,
	(च) पूर्व पश्चिम लोकमार्गको कोहलपुर चौराहा चोकबाट पश्चिम तर्फ एनसिसिएन/नर्सिङ कलेजबाट दक्षिण हुँदै, सिद्धार्थ आधारभूत विद्यालयलाई बाँया पार्दै - दिव्य विद्यासदन मा.वि. हुँदै त्रिभुवन उ.मा.वि. कोहलपुर सुर्खेत रोडमा जोडिने सडकले कोहलपुर चौराहा चोकतर्फ भित्र पर्ने सबै क्षेत्र र सो सडकको बाहिर तर्फ सडकबाट ५०० मिटर भित्रको क्षेत्र,
	(छ) कोहलपुर नगरविकास समितिबाट विकसित सम्पूर्ण नगर क्षेत्र ।
	(ज) पूर्व-पश्चिम लोकमार्गको मदनचोक देखि दक्षिण सुर्खेत रोडमा पर्ने हवल्दारपुर चोकसम्म सडकको बायाँतिर कोहलपुरतर्फका सम्पूर्ण क्षेत्रहरू र दायाँ तर्फ ३०० मिटर भित्रका क्षेत्रहरू
बर्दिया जिल्ला अन्तर्गत पर्ने क्षेत्रहरू	**<u>३४.१) गुलरिया नगरपालिका :</u>**
	(क) राजापुर - नेपालगञ्ज जोड्ने हुलाकी सडकखण्डको दायाँ-बायाँ ५०० मिटर सम्मका क्षेत्र,
	(ख) नगरपालिकाका देहायका क्षेत्रः
	(अ) निलो आयल पेट्रोल पम्पबाट उत्तरतर्फ - सन्तोषि टोलहुँदै सुहेलवा सम्मका क्षेत्र,
	(आ) सुहेलवा चोकबाट पश्चिमतर्फ - कोटही मन्दिर, जिल्ला कारागार, क्याम्पस रोड हुदै तुलापुर चोक सम्मका क्षेत्र,
	(इ) तुलापुर चोकबाट दक्षिणतर्फ - गुलरिया गाउँ, बाबा पेट्रोल पम्प हुँदै मुर्तिहा रोड सम्मका क्षेत्र,
	(ई) मुर्तिहा रोडबाट पूर्वतर्फ लक्ष्मण टोल हुँदै पुनः निलो आयल पेट्रोलपम्प सम्मका क्षेत्र,
	(उ) माथिका अ, आ, इ र ई जोडिएर बन्ने रिङ्गरोड भित्रका क्षेत्र र उक्त रिङ्ग रोडबाट बाहिर तर्फ २०० मिटर सम्मका क्षेत्र ।
	(३४.२) बाँसगढी नगरपालिका :
	(क) पूर्व-पश्चिम लोकमार्गको पूर्वमा बेलवा चोक र पश्चिममा लक्ष्मणा चोक सम्मको दायाँ बाँया १ किलो मिटर सम्मका क्षेत्र ।
	(ख) बाससगढी बजार देखी मैनापोखर सम्ममा पर्ने पक्की सडकसँग जोडिएको दाँया-बाँया १०० मिटरको क्षेत्रहरु,
	(ग) लक्ष्मणा चोक देखी चिसापानी चोक वडा नम्बर ९ को सडक दायाँ-बायाँ २०० मिटरका क्षेत्रहरु
	(घ) लक्ष्मणा चोक देखी दक्षिणमा हुलाकी राजमार्गसँग जोडिने गणेशपुर चोकसम्म

जिल्ला	लागू भएको क्षेत्र
	(३४.३) बढैयाताल गाउँपालिका :
	(क) गुलरिया-नेपालगञ्ज जोड्ने हुलाकी सडक खण्डको दायाँ बाँया १ किलो मिटर सम्मका क्षेत्र ।
	ख) सिजी चोक बाट हुलाकी सडक खण्ड भोलागौडिसम्म सडकसँग जोडिएको क्षेत्र
	(३४.४) मधुवन नगरपालिका : -
	क) गुलरिया-राजापुर जोड्ने हुलाकी सडकको पूर्वमा १२ नम्बर चोक र पश्चिममा ८ नम्बर चोक भित्रपर्ने सडकखण्डको उत्तरपट्टी २०० मिटर र दक्षिण तर्फ १ किलो मिटर सम्मका क्षेत्र ।
	(३४.५) राजापुर नगरपालिका :
	(क) गुलरिया- राजापुर जोड्ने हुलाकी सडकको पूर्वमा रामजानी चोक र पश्चिममा अमर सहिद बहुमुखी क्याम्पस सम्मको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र,
	(ख) इलाका प्रशासन कार्यालय राजापुरबाट मुख्य बजार हुँदै शान्तिबजार तर्फ जाने सडकको टेडिया चोक सम्म पूर्व तर्फ ७०० मिटर र पश्चिम तर्फ २०० मिटर सम्मका क्षेत्र ।
	(ग) टेडिया चोक, कालिका मा.वि. चनौरा,बनकट्टी चोक(गेरुवा गा.पा.) शान्ती बजार क्षेत्र (सरस्वती आवासिय विद्यालय वडा नम्बर ३ देखि सिंहवाहिनी चोक सम्मका दाँया बाँया १०० मिटर हुदै उल्टनपुर गाँउ सम्मका सम्पुर्ण क्षेत्रहरु
	(३४.६) ठाकुरबाबा नगरपालिका :
	(क) भुरीगाऊँ बजार देखि गुलरिया जाने सडकको शाहीपुरसम्म दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,
	(ख) भुरीगाऊँ बजारमा पूर्व-पश्चिम लोकमार्गको पूर्वमा चुरे पेट्रोलपम्म देखि पश्चिममा सिंहबाहिनी चोकसम्म सडकको उत्तर-दक्षिण दुवै तर्फ ५०० मिटरका क्षेत्र
	(ग)महेन्द्र राजमार्गको सिंहवाहिनी चोकबाट रानीपुर हुँदै जगदम्बा मा.वि. (मढेला) हुलाकी राजमार्गसँग जोडिएका क्षेत्रहरु
	(घ) ठाकुरबाबा मन्दिरको बाघ चोकदेखी थारु चोकसम्म जाने सडकको बाँयातर्फ १०० मिटर र दायाँतर्फ जोडिएका क्षेत्रहरु
	(ङ) ठाकुरबाबा नगरपालिका भुरीगाँऊ बजारदेखी गुलरिया जाने सडकको शाहीपुर हुँदै ढोढररी चोकसम्म दायाँ-बायाँ ३०० मिटर भित्रका क्षेत्रहरु
	(च) भुरी गाँउ बजार देखी दक्षिणतर्फ कन्चनपुर गाऊँ नेवलापुर गाउँमा रहेको आधारभूत स्वास्थ्य अस्पताल सम्म बाटो सँग जोडिएको सम्पुर्ण क्षेत्रहरु
	(३४.७) महेन्द्र राजमार्गको रम्मापुर चोक (५ नम्बर वडा) देखी जयनगर बजार जाने बाटोको सडकको दायाँबाँया २०० मिटर तथा जयनगर बजारको मुख्य चोकबाट चारैतर्फ ५०० मिटर सम्मका क्षेत्रहरु
	(३४.८) गेरुवा गाउँपालिका :
	क) गाउँपालिका अन्तर्गत बनकट्टि चोक देखि उल्टनपुर गाँउ हुँदै थापापुर चोकसम्म मूल

जिल्ला	लागू भएको क्षेत्र
	सडकसँग जोडिएको दायाँबायाँको क्षेत्र ।
	ख) गाउँपालिका वडा नम्बर ३ स्थित सरस्वती आधारभुत विद्यालयदेखी सिंहवाहिनी चोकसम्म शान्तीबजार बजार क्षेत्रमा मूल सडकको दायाँबायाँ १०० मिटरसम्मको क्षेत्र
दाङ जिल्ला अन्तर्गत पर्ने क्षेत्रहरू	**(३५.१) तुल्सीपुर उपमहानगरपालिका :**
	(क) उपमहानगरपालिका वडा नं. ५ र ६ का क्षेत्र,
	ख) विरेन्द्र चोक देखी दक्षिणतर्फ दिव्यज्योती बोर्डिङ्ग स्कुल चोकसम्म तुल्सीपुर-अमेलिया सडकखण्ड दायाबाँयाका १५०० मिटर सम्मका क्षेत्रहरु ।
	(घ) तुल्सीपुर वीरेन्द चोक देखि पश्चिमतर्फ सुर्खेत जोड्ने मूल सडकको दायाँ-बायाँ १.५ किलो मिटर भित्र श्री कृष्ण मन्दिर हुदै गहतेखोला सम्मका क्षेत्रहरु ।
	(ङ) तुल्सीपुर उपमहानगरपालिकाको वीरेन्द्र चोक देखि उत्तर तर्फ सल्यान जाने सडकअन्तर्गत राप्ती आँखा अस्पताल रक्षाचौरसम्म, पुर्वतर्फ राप्ती शान्ती उद्यान पार्क (गणेशपुर पार्क) बाट पश्चिम तर्फ सल्यान जाने सडकसम्मका क्षेत्रहरु, र दक्षिणतर्फ तुल्सीपुर-घोराही सडक सम्मका सम्पुर्ण क्षेत्रहरु ।
	(च) उपमहानगरपालिकाको वीरेन्द्र चोक देखि घोराही उपमहानगरपालिकामा पर्ने कटुवा खोलासम्म मूल सडक खण्डको दायाँबायाँ २ किलोमिटर सम्मका क्षेत्रहरु ।
	(छ) तुलसीपुर-सुर्खेत सडक खण्डमा पर्ने दक्षिणमा दोघरेचोक, पुर्वमाप्रतापकोट जाने बाटो, उत्तरमा चुलसे चोकसम्म र पश्चिम तर्फ कृष्ण मन्दिर सम्म सडक सँग जोडिएको क्षेत्रहरु ।
	(ज) तुलसीपुर-घोराही सडक खण्डमा पर्ने बिजौरीचोक देखी दक्षिण तर्फ बिजौरी-डुरुवा सडकको मानपुर बजार हुदै चिल्ड्रेन हेभन इङ्गलिश बोर्डिङ्ग स्कुल लालपुर चोक सम्म सडकको २०० मिटर सम्मको क्षेत्रहरु ।
	(झ) तुलसीपुर-घोराही सडक खण्डमा पर्ने बिजौरीचोक देखी दक्षिण तर्फ बिजौरी-भोजपुर सडकको लिटिल फ्लावर इङ्गलिश बोर्डिङ्ग स्कुल हुदै साईपुर चोकको खानेपानी टयाङ्की सम्म सडकको २०० मिटर दाँयाबाँयाका सम्मको क्षेत्रहरु ।
	(ञ) तुलसीपुर-घोराही सडक खण्डमा पर्ने बिजौरीचोक देखी उत्तर तर्फ बिजौरी-बासगढि सडकको बासगढिचोकसम्म सडकको २०० मिटर दाँयाबाँयाका क्षेत्रहरु ।
	(ट) तुल्सीपुर- घोराही सडक खण्डको पर्सेनी चोक देखि उत्तरतर्फ हलवार जाने बाटोको वडा न ७ मा रहेको बोगटी खानेपानी ट्याङ्की सम्मका क्षेत्रको सडक दाँयाबाँया १ कि.मि. सम्मको क्षेत्रहरु ।
	(३५.२) राप्ति गाउँपालिका:
	(क) महेन्द्र राजमार्ग अन्तर्गत राप्ती गाउपालिकाको सिसनिहा बजार क्षेत्र देखि मौरीघाट,लालमटिया बजार हुदै पाखापानीमा रहेको सशस्त्र प्रहरीको चेकिङ्ग प्वाइन्टसम्म मुल सडकबाट दाँयाबाँया १.५ किलोमिटर सम्मका सम्पुर्ण क्षेत्रहरु ।
	(ख) लुम्बिनी प्रदेश राजधानी मौरीघाट बजार क्षेत्रको सडक सँग जोडिएको क्षेत्र,

जिल्ला	लागू भएको क्षेत्र
	(३५.३) घोराही उपमहानगरपालिका :
	(क) उपमहानगरपालिकाका वडा नं. १४, १५ र १६ का क्षेत्रहरु ।
	(ख) उपमहानगरपालिकाको वडा नं. १७ को कटुवाखोला देखि पश्चिम र कर्जाही नाला देखि उत्तर तर्फका क्षेत्र,
	(ग) कटुवा खोला देखि घोराही गोग्ली हुँदै झिङ्गनी चोक सम्म मूल सडकको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र,
	(घ) सिस्ने खोला देखि दक्षिण तर्फ नेपाल विद्युत प्राधिकरणको सवस्टेशन चोकसम्म सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,
	(ङ) ट्राफिक चोकबाट नवलपुर मितेरी अस्पतालको चोक हुँदै अम्बिकेश्वरी मन्दिरको बाटो भई उत्तरमा रिङरोड, पुर्वतर्फ घोरदौरा जानेबाटोको चोक र दक्षिण तर्फ प्युठान बंगलाचुली जाने सडकको डबरी चोक भित्र पर्ने सम्पुर्ण क्षेत्र ।
	(च) घोराही बसपार्क देखि रोल्पा होलेरी जाने सडकमा पर्ने श्री बराहक्षेत्र व्यापार सेवा प्रा.लि. को पेट्रोल पम्प देखि पश्चिमतर्फको चोक हुँदै दक्षिणतर्फ ज्ञानज्योति एजुकेसनल एकेडेमी-पतन्जली योग भवन देखि पूर्वतर्फ सेवार खोला सम्मका क्षेत्र र सो सडकको बाहिर तर्फ १०० मिटर सम्मका क्षेत्र,
	(छ) उपमहानगरपालिकाको वडा नं. १८ को ट्राफिक चोक-रभ्केना मा.वि.हुदै जाने सडकको कालिका देवि भगवती मन्दिरसम्म दायाँ बायाँ ५०० मिटर सम्मका क्षेत्र । र सोही सडकको कालिका देवि भगवती मन्दिर देखि सैघा जाने चोक सम्म २०० मिटर सम्मका क्षेत्रहरु ।
	(ज) ट्राफिक चोक देखी पुर्व तर्फ बगलाचुली जाने बाटो सिस्नेखोलासम्म सडकबाट दाँयाबाँया २०० मिटर भित्रका क्षेत्र
	(झ) तुलसीपुर-घोराही सडक खण्डमा पर्ने सर्रा चोक देखी दक्षिण सौडियार स्कुलहुँदै सुक्रवार चोक सम्म सडकको २०० मिटर दाँयाबाँयाका क्षेत्रहरु ।
	(ट) गुलरीया पार्कदेखी दक्षिण वडा नम्बर ६ को वडा कार्यालय सम्म जाने सडकको दाँया बाँयाका क्षेत्र ।
	(ठ) घोराही रतनपुरचोक देखी मध्यरतनपुर, शुस्मारोड हुदै खानेपानी ट्याङ्कीसम्म सडकसँग जोडिएका क्षेत्र ।
	(ड) तुल्सीपुर-घोराही सडक खण्डमा पर्ने नारायणपुर चोक देखि दक्षिण तर्फ घोराही उपमहानगरको वडा न.८ को कार्यालय मर्पाडाँडासम्म सडक सँग जोडिएका क्षेत्रहरु ।
	(३५.४) लमही नगरपालिका:
	(क) नगर विकासको टाउन प्लानिङ्गका क्षेत्र,
	(ख) लमही बजार देखि नगरपालिकाको कार्यालय हुँदै कोईलावासतर्फ जाने कोलहीको बगही सोता खोलासम्मको सडकदेखि पश्चिमतर्फ ७०० मिटर सम्मका क्षेत्र,
	(ग) लमही बजारदेखि दक्षिण तर्फ १ किलो मिटर सम्मका क्षेत्र,

जिल्ला	लागू भएको क्षेत्र
	(ङ) लमही नगरपालीकाको पश्चिममा अर्जुन खोला पुल देखी पुर्वमा राप्ती गाउपालिकाको भालुबाङ्ग बजार क्षेत्र सम्मको महेन्द्र राजमार्गको दाया बाँया १ किलो मिटर सम्मको क्षेत्र ।
	(३५.५) गढवा गाउँपालिका:
	(क) गढवा बजारदेखि पुर्वतर्फ गढवा गाउँपालिका भवन सम्मको मुल सडक बाँट ३०० मिटर दाँयाबाँया क्षेत्रहरु ।
प्युठान जिल्ला अन्तर्गत पर्ने क्षेत्रहरू	क) जुम्रि बजार देखी मित्रमणीचोक बिजुवार बजार क्षेत्रका इलाका प्रहरी कार्यालयसम्म मुख्य पक्की सडकको दांया वांया १०० मिटर सम्मका क्षेत्रहरु,
	ख) विजुवार मुख्य बजारलाईनबाट दक्षिण नगरपाललिका भवन जाने बाटोमा पिपलबोट हुदै रंङ्गशाला/फुटवल ग्राउण्ड चोकसम्म पक्की सडकसँग जोडिएका कित्ताहरु,
	ग) विजुवार वजारको इलाका प्रहरी कार्यालयवाट टिकुरी भिमरुक पेट्रोल पम्प हुदै वागदुल्ला वजार प्रहरी विटसम्म सडकसंग जोडिएका कित्ताहरु,
	घ) खलंगा मुख्य बजारलाईन जिल्ला प्रशासन कार्यालय हुदै कृष्णमन्दिर सम्म पुग्ने सडकको बाँया तर्फ जोडिएका कित्ताहरु,
	ङ) प्युठान नगरपालीकाको क्वाडी बजार क्षेत्रदेखि जुम्रि बजार पक्की पुलसम्म पुग्ने मुख्य पक्की सडकको दांया वांया १०० मिटर सम्मका क्षेत्रहरु,
	च) बागलदुला बजार क्षेत्र भित्र पर्ने पक्की सडक सँग जोडिएका कित्ताहरु
	छ) सरुमारानी गाउँपालिका भित्रका दर्भान बजार क्षेत्रभित्र पर्ने मुख्य पक्की सडकको दांया वांया १०० मिटर सम्मका क्षेत्रहरु,
	ज) प्युठान-लिबाङ्ग सडकखण्डमा पर्ने प्युठान देविस्थान बजारक्षेत्र भित्र पर्ने पक्की सडक सँग जोडिएका कित्ताहरु
	झ) प्युठान जसपुर चकचके बजार देखी आन्तरिक राजस्व कार्यालय, सडक डिभिजन प्युठान चकचके कार्यालय हुदै जसपुर बगैंचा चोकको पक्की पुलसम्म सडक देखि पश्चिम तर्फ मोटरवाटोसँग जोडिएका कित्ताहरु,
	ञ) गडेश्वर मा.वि. देखि अमर क्याम्पससम्म मुख्य पक्की सडकको पूर्वतर्फ सडकसँग जोडिएका कित्ताहरु र पश्चिमतर्फ मुख्य पक्की सडकवाट १०० मिटर सम्मका क्षेत्रहरु
	ट) जिमुरपाटा देखि भिग्री बजारको अस्थायी ट्राफिक प्रहरी पोष्टसम्म मुख्य पक्की सडकको पूर्वतर्फ सडकसँग जोडिएका कित्ताहरु र पश्चिमतर्फ मुख्य पक्की सडकवाट १०० मिटर